लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.

निरन्तर सहयात्रा

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

सनराइज बिजपार्क, डिल्लीबजार, काठमाडौं

पोष्ठ बक्स नं. २०७०० फोन नं. ४४१३५२५/४४१३२३२

इमेल : info@lumbinibiksabank.com, वेभसाईट : www.lumbinibikasbank.com.np

को

शिलबन्दी बोलपत्रद्वारा शेयर बिक्री गर्ने बारे सूचना

शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०७५/१०/२७

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति :२०७५/११/०३

बोलपत्रद्वारा बिक्री गरिने शेयरको बिवरण :

संस्थापक शेयर : १,९७,५९६।४४

यस लुम्बिनी विकास बैक लिमिटेडको १०:१ (साविक दश कित्ता शेयर बराबर एक कित्ता नयाँ शेयर) बराबरको हकप्रद शेयरको लागि मिति २०७४/१०/११ गते देखि मिति २०७४/११/२३ गते सम्म हकप्रद शेयरको बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा संस्थापक समुहको ३,७९,,३३६।४४ कित्ता शेयरको लागि आवेदन प्राप्त नभएकोले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा १५ को अधिनमा रही उक्त शेयरहरु गोप्य शिलबन्दी बोलकबोल बढाबढ गरि साविकको संस्थापक शेयरधनीहरु तथा सर्वसाधारणलाई बिक्रीको सूचना प्रकाशित गर्दा ती शेयरहरु मध्ये १,९७,५९६।४४ कित्ता शेयर खरिदका लागि दरखास्त प्राप्त हुन नआएकोले निष्काशनकर्ता बैंकको निर्णयानुसार उक्त शेयर खरिद गर्न इच्छुक जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले मिति २०७५/११/०३ गते बैकिङ्ग समय भित्र आइपुग्ने गरि प्रति कित्ता के कति दर रेटमा शेयर खरिद गरिलिन कवुल गर्ने हो सो मूल्य खुलाई तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी आबेदन पेश गर्न आव्हान गरिन्छ ।

बोलपत्र आवेदन फारम पाइने र बुझ्काउने स्थान:

१) भिबोर क्यापिटल लि., ट्रेड टावर थापाथली काठमाडौ

शर्तहरु

१) बोलपत्र आवेदन फारम रु.१००/-(फिर्ता नहुने) नगद भुक्तानी गरी माथि उल्लेखित संकलन केन्द्रबाट प्राप्त गर्न सकिनेछ ।

२) बोलपत्र आबेदन फारममा आँफुले लिन चाहेको शेयर कित्ताको दर रेट अंक र अक्षरमा स्पष्टसंग लेख्नुपर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा अनिवार्य रुपमा सहीछाप गर्नुपर्नेछ ।

३) शेयरको न्युनतम मुल्य रु १००/-तोकिएको हुँदा सो वा सो भन्दा बढी मुल्य अंकित गरि बोलकबोल गर्नुपर्नेछ ।

४) शेयर खरिदका लागि बोलकबोल पेश गर्दा न्युनतम १०० कित्ताको लागि आबेदन दिनुपर्ने छ भने अधिकतम शेयर संख्याको लागि कुनै हद लाग्ने छैन । तर शेयर खरिद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एक व्यक्ति वा संस्थाले खरिद गर्न वा राख्न पाउने भनि तोकेको अधिकतम संख्या सिमा भन्दा बढि नहुने गरि आवेदन पेश गर्नु पर्नेछ । साथै आवेदन दिदा १० अंकको गुणाङ्कमा आउने गरि दिनुपर्नेछ ।

५) शिलबन्दी खाम बाहिर "लुम्बिनी विकास बैक लिमिटेडको संस्थापक शेयर खरिद आबेदन "उल्लेख गरी सम्बन्धित बोलपत्रदाताको नाम, ठेगाना र सम्पर्क फोन नं स्पष्ट उल्लेख गर्नुपर्नेछ । साथै बोलपत्र पेश गर्ने फारम रितपुर्वक शिलबन्दी गरेको हुनुपर्नेछ ।

६) साबिकका संस्थापक शेयरधनीहरु बाहेकका संस्थापक शेयर खरिद गर्न इच्छुक बोलपत्रदाताले बोलपत्रफर्मको साथसाथै नेपाल राष्ट्र बैंकबाट संस्थापक शेयरधनीका लागि तोकिएको (Fit and Proper Test, अनुसुची ३) को विवरण, कर्जा सुचना केन्द्र लिमिटेडको कालो सुचीमा समाबेश नभएको प्रमाणित हुने कागजात, आयस्रोत खुल्ने कागजातको प्रतिलिपि, पछिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाण पत्र वा कर दाखिला गरेको निस्साको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

७) बोलपत्रवालाले आँफुले खरिद गर्न चाहेको शेयरको जम्मा मुल्यको सम्पुर्ण रकम भिबोर क्यापिटल लि. को नाममा लुम्बिनी बिकास बैक लिमिटेड, त्रिपुरेश्वर काठमाडौमा रहेको खाता नं. ०३१००१२०००४१०२०००००२ मा नगद जम्मा गरि सो को सक्कल भौचर संलग्न गरि वा भिबोर क्यापिटल लि. को नाममा जारी गरिएको Good for Payment Cheque संलग्न गरि शिलबन्दी बोलपत्र पेश गनुपर्नेछ । यदि चेक भुक्तानी नभएमा दरखास्त फारम स्वत: रद्द हुनेछ ।

८) सबैभन्दा बढि बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढि कबुल गर्नेलाई बिक्री गरिनेछ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मुल्यमा दुई वा दुई भन्दा बढि आबेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ । शेयर बाँडफाँड गर्दा सबैभन्दा बढि बोलकबोल गर्ने क्रमहरु मध्येको कम बोलकबोल गरी बाँडफाँडमा पर्ने आवेदकलाई खण्डित रुपमा बाँकी रहेको शेयर समेत बाँडफाँड गरी समायोजन गरिनेछ । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार लुम्बिनी विकास बैंकमा निहीत रहनेछ ।

९) बोलपत्रवालालाई बाँडफाँडमा परेका शेयरहरु निजहरुकै हितग्राही खातामा शेयर नामसारी गरिने हुँदा आवेदनमा हितग्राही खाता नम्बर (Demat Account Number) अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । साथै रु. दश लाख भन्दा बढी रकमको लागि आवेदन गर्दा स्थायी लेखा नम्बर (PAN) उल्लेख गर्नुपर्नेछ ।

१०) पेश भएका शिलबन्दी बोलपत्रहरु मिति २०७५/११/०८ गते बुधबार भिबोर क्यापिटल लि., ट्रेड टावर, थापाथली, काठमाडौमा दिनको ३:०० बजे खोलिनेछ ।

११) म्याद नाघि आएको, रित नपुगेको वा कुनै शर्त सहित पेश भएको आवेदनलाई मान्यता दिईने छैन । साथै एकै समुहमा एक भन्दा बढी बोलपत्र पेश गर्न पाईनेछैन ।

१२) बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संस्था, कम्पनी हुनुपर्नेछ । आवेदक संगठित संस्था/कम्पनी भएमा दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरिद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि तथा अख्तियारनामा पेश गर्नुपर्नेछ ।

१३) बोलपत्र आवेदकहरु मध्ये बोलकबोलमा नपरेको आवेदकहरुको रकम धितोपत्र निष्काशन तथा बाडफाँड निर्देशिका २०७४ मा व्यवस्था भए बमोजिम फिर्ता भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै किसिमको व्याज प्रदान नगरिने व्यहोरा पनि जानकारी गराईन्छ ।

१४) बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धक भिबोर क्यापिटल लि. ट्रेड टावर थापाथलीको सूचना पाटी तथा वेवबसाईट www.viborcapital.com मा हेर्न सक्नुहुनेछ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

VIBOR
भिबोर क्यापिटल लि.
VIBOR CAPITAL LTD.

भिबोर क्यापिटल लिमिटेड

ट्रेड टावर, चौथो तल्ला, थापाथली, काठमाण्डौ

फोन नं.: ०१५१११११५५/५१११११७२

Email: info@viborcapital.com | Web: www.viborcapital.com